साईपाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड ९ संख्या ०२ मितिःर०८२/०६/२३

भाग २

साईपाल गाउँपालिका प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०६/२३

प्रस्तावनाः

साईपाल गाउँपालिकामा प्राविधिक तथा विशेषज्ञ जनशक्ती उत्पादन गर्ने उद्देश्यले गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वान्छनीय भएकोले साईपाल गाउँपालिका गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

भाग १

प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम साईपाल कार्यपालिकाको प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०८२ रहेको छ।

ख) यो कार्यविधि साईपाल गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

ग) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यपालिका" भन्नाले साईपाल गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ख) "प्रमुख" भन्नाले साईपाल गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साईपाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

घ) "प्राविधिक छात्रवृत्ति" भन्नाले साईपाल गाउँपालिकाबाट नियमित वा आंशिक रुपमा विपन्न तथा जेहन्दार विद्यार्थीलाई प्राविधिक विषय अध्ययन गर्नको लागि तोकीए बमोजिम मापदण्डको आधारमा प्रदान गरिने रकमलाई जनाउने छ।

ङ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठित प्राविधिक छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्दछ।

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

क) प्राविधिक शिक्षा छात्रवृत्ति वितरणका लागि पारदर्शी र स्पष्ट आधार तयार गर्ने।

ख) यसरी वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाम मुखी बनाउने।

ग) सरोकारवालाहरुलाई छात्रवृत्ति सम्बन्धी जानकारीहरु सहज र सरल तरिकाले उपलब्ध गराउने।

घ) विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्ग सम्म व्यवस्थित एवम् पारदर्शी तरिकाबाट पुर्याउने।

भाग २

समिति गठन तथा काम, कर्तब्य र अधिकार

४. छात्रवृत्ति व्यवस्थापन समिति

४.१ साईपाल गाउँपालिकाबाट प्रदान गरिने प्राविधिक शिक्षा छत्रवृत्ति व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहने छ।

१. गाउँपालिका अध्यक्ष	-संयोजक
२. गाउँपालिका उपाध्यक्ष	-सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
४. लक्षित वर्गको महिला दलित जनजाती अपांगता प्रतिनिधित्व हुने गरी कार्यपालिका सदस्य मध्येबाट कार्य कार्यपालिकाले मनोनित गरेका ३ जना	-सदस्य
५. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख	-सदस्य
सचिव	

४.२ समितिको बैठक सम्बन्धी कार्यविध समिति आफैले तोके बमोजिम हुनेछ।

५. छत्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

क) कार्यपालिकाबाट उपलब्ध गराउने प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने।

ख) निर्धारित नीति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न सिफारिस गर्ने।

ग) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मुल्यांकन गर्ने।

घ) छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरी कार्यपालिकालाई सुझाव प्रदान गर्ने।

भाग ३

छात्रवृत्तिका प्रकार, मापदण्ड र प्रकृया

६. प्राविधिक शिक्षा छात्रवृत्तिका प्रकारहरुः

क) निम्नस्तरीय प्राविधिक छात्रवृत्तिः एस.इ.इ. उत्तीर्ण गरी प्राविधक विषयमा १८ महिने प्राविधिक एस.इ.इ. वा प्री डिप्लोमा तह भनी नेपाल सरकारबाट मान्यता प्राप्त विषय र तहको प्राविधिक शिक्षा अध्ययनको लागि यो छात्रवृत्ति उपलब्ध गराइने छ।

ख) मध्यम स्तरीय प्राविधिक शिक्षा छात्रवृत्तिः कक्षा १२ वा प्रविणता प्रमाण पत्र तह वा प्राविधिक डिप्लोमा तहको प्रविधिक शिक्षा भनी नेपाल सरकारबाट मान्यता प्राप्त विषाय र तहको प्राविधिक शिक्षा अध्ययनको लागि यो छात्रवृत्ति उपलब्ध गराइने छ।

ग) उच्चस्तरीय प्राविधक शिक्षा छात्रवृत्तिः स्नातक तह वा सो सरहको प्राविधिक विषय र शिक्षा भनी नेपाल सरकारबाट मान्यता प्राप्त विषय र तहको शिक्षा अध्ययनको लागि यो छात्रवृत्ति उपलब्ध गराइने छ।

७. प्राविधिक छात्रबृत्ति वितरणका आधारभुत मापदण्डहरुः

क) छात्रवृत्ति प्राप्त गर्न आवश्यक न्युनतम योग्यता वा प्राप्तांकको हकमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ ।

ख) देहायको मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची बमोजिमको निवेदन उपर कारवाही गरी यो छात्रवृत्ति प्रदान गर्न सकीने छ।

१. साईपाल गाउँपालिका भित्र स्थायी बसोबास भएको।

२. अति विपन्न, जेहन्दार, दलित, सिमान्तकृत, अपांगता।

३. फौजदारी अभियोगमा कसुरदार नठहरिएको।

४. नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय/विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको मापदण्ड पुरा गरेको।

५. सामुदायिक विद्यालयबाट एस.एल.सी वा एस.इ.इ. उत्तीर्ण गरेको।

६. अनुसुची ३ बमोजिमको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेको।

८. प्राविधिक छात्रवृत्ति वितरण प्रक्रियाः

क) छात्रवृत्ति व्यवस्थापन समितिले कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी प्राविधिक शिक्षा छात्रवृत्तिको लागि अनुसूची २ बमोजिमको निवेदन आह्वान गर्ने छ।

ख) प्राप्त भएका निवेदन र निवेदकले पेश गरेका कागज पत्रको आधारमा अनुसूची १ बमोजिमका मापदण्डको अधिनमा रही निवेदकहरुको एकिकृत मुल्यांकन सूची तयार गरिने छ।

ग) एकिकृत सूचीमा उच्चतम अंक प्राप्त गर्ने मध्ये मध्यम स्तरीय प्राविधिक छात्रवृत्ति ५ जना र उच्च स्तरीय प्राविधिक छात्रवृत्ति २ जनालाई उपलब्ध गराइने छ।

घ) स्थानीय आवश्यकता र माग समेतलाई मध्यनजर गरी छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्तिको कोटामा थप घट गरी वितरणको लागि सिफारिश गर्न सक्नेछ।

भाग ४

छात्रवृत्ति रकम तथा कोष ब्यवस्थापन

९. छात्रवृत्तिको रकमः

क) निम्न स्तरीय प्राविधिक व प्रिडिप्लोमा प्राविधिक छात्रवृत्ति प्रति महिना रु २५०० को दरले अध्ययन अवधि भरमा १५ महिनाको रकम दुइ किस्तामा छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिको बैंक खातामा उपलब्ध गराइने छ।

ख) मध्यम स्तरीय प्राविधिक छात्रवृत्तिको रकम प्रति महिना रु २५०० को दरले जम्मा २५ महिनाको रकम तिन किस्ताम छात्रवृत्तिप्राप्त गर्ने व्यक्तिको बैंक खातामा उपब्ध गराइने छ।

ग) उच्चस्तरीय प्राविधिक छात्रवृत्तिको रकम प्रति महिना रु ६००० का दरले जम्मा ४० महिनाको रकम चार किस्तामा छत्रवृत्ति प्राप्त गर्ने व्यक्तिको बैंक खातामा उपलब्ध गराइने छ।

घ) छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले आफ्नो शैक्षिक संस्थामा शैक्षिक संस्थामा पठनपाठन हुनुपर्ने दिनको कम्तिमा ८० प्रतिशत उपस्थित भइ अध्ययन गरेको प्रमाण नियमित रुपमा पेश गरनु पर्ने छ।

ङ) छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले पहिलो किस्ता पछिका किस्ताको रकम माग गर्दा अघिल्लो सेमेष्टर वा वर्षको परीक्षाको नतिजा सहितको मर्कसीट वा ग्रेडसीट पेश गर्नुपर्ने छ।

च) सेमेष्टर वा वार्षिक परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई छात्रवृत्ति सुचीबाट हटाइने छ।

छ) छात्रवृत्ति माग गर्ने व्यक्तिले पेश गरेका कागजातहरुको सम्बन्धमा बास्तविकता यकिन गर्न आवश्य देखिएमा छात्रवृत्ति व्यवस्थापन समितिले स्थलगत अनुगमन गर्न वा गराउन सक्ने छ।

१०. **छात्रवृत्ति कोषको व्यवस्थाः** साईपाल गाउपालिकाले प्रत्येक आ.व. मा गाउँ सभाबाट निश्चित रकम प्राविधिक शिक्षा कोषमा जम्मा गरिनेछ। साही कोषबाट यस कार्यविधि अनुसारको प्राविधिक शिक्षा छत्रवृत्ति प्रदान गरिनेछ।

भाग ५
विविध

११. **स्वयम सेवा गर्नु पर्नेः**

साईपाल गाउँपालिकाको प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त व्यक्तिले कार्यपालिकाले तोकेको क्षेत्रमा कम्तिमा ५ बर्ष स्वयम सेवा गर्नु पर्ने छ। स्वयम सेवा गर्ने अवधिमा कार्यपालिकाले निर्वाह खर्चको व्यवस्था गर्न सक्नेछ।

१२. **छात्रवृत्ति प्रदान गरिनेः** साईपाल गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति एक व्यक्तिको लागि एक तहमा मात्र उपलब्ध गराइनेछ। साथै यो कार्यविधि लागु हुँदाका बखत अध्ययन गरिरहेको ब्यक्तिलाई समेत छात्रबृति कार्यक्रममा समावेश गर्न सकिनेछ।

१३. **बाधा अड्कउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा केही बाधा अड्काउ आइ परेमा गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ।

अनुसूची १
प्राविधिक शिक्षा छात्रवृत्ति छनौटका मापदण्ड

क्र.सं	विवरण	अंक	विवरणको विस्तृतिकरण
१	शैक्षिक योग्यता	५०	प्राप्ताङ्कलाई पूर्णाङ्कले भाग गरि ५० ले गुणन गर्दा आउने अंक
२	विपन्नता	१०	
३	महिला	१०	
४	दलित	१०	
५	जनजाती	१०	लोपोन्मुख समूह भए १० अंक, अति सिमान्तकृत समूह भए ८ अंक, सिमान्तकृत समूह भए ६ अंक, सुविधा बञ्चित समूह भए ४ अंक, उन्नत समुहभए २ अंक
६	अपाङ्गता	१०	क र ख वर्गको परिचय पत्र भए १० अंक, ग वर्गको परिचय पत्र भए ८ अंक, घ वर्गको परिचय पत्र भए ५ अंक
७	जम्मा	१००	

अनुसूची २
प्राविधिक शिक्षा छात्रवृत्तिका लागि दिइने निवेदनको ढांचा

मितिः

श्रीमान गाउँपालिका अध्यक्षज्यू,
श्री साईपाल गाउँपालिका,
काँडा बझाङ्ग।

विषयः प्राविधिक शिक्षा छत्रवृत्ति सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस साईपाल गाउँपालिका वडा नं..... निवासी श्री .....को नाति/नातिनी..... ..... को छोरर/छोरी म..... ले यस गाउँपालिकाबाट प्रदान गरिने प्राविधिक शिक्षा छात्रवृत्ति..... संकायको .....विद्यालय/शिक्षाय/क्याम्पस/विश्व विद्यालयको डिप्लोमा / स्नातक तह विद्यालय / क्याम्प /विश्वविद्यालयमा अध्ययनको लागि छात्रवृत्ति पाउ भनी आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु । मैले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण निम्ननुसार रहेको छ ।

क्र.सं	शैक्षिक संस्था	शैक्षिक वर्ष	प्राप्ताङ्क	कैफियत

निवेदकको
नामः
ठेगानाः
मितिः
दस्तखतः

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

१. एस एल सी / एस इ इ तथा कक्षा ११- १२ वा डिप्लोमा तह वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको मार्कसीट / ग्रेड सीट र प्रमाणपत्र
२. साईपाल गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण जन्म दर्ता प्रमाण पत्र / नागरिकताको प्रमाण पत्र/ बसाइ सराइको प्रमाण पत्र
३. सम्बन्धित वडा बाट आर्थिक रुपमा विपन्न भएको सिफारिश पत्र।

४. सम्बन्धीत वडा बाट जातीगत (दलित, आदिवासी जनजाती अन्तर्गत लोपोन्मुख, सिमान्तीकृत, अति सिमान्तकृत हो भन्ने सिफारिश पत्र।

५. अपांगताको हकमा अपांगता परिचय पत्र।

६. एस एल सी / एस इ इ सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको प्रमाण तथा सिफारिश पत्र।

७. विश्वविद्यालय कलेज वा प्राविधिक शिक्षालय वा विद्यालयमा भर्ना गरे को प्रमाण र कलेज वा शिक्षालयमा निरन्तर अध्ययन गरिरहेको पत्र ।

अनुसूची ३
प्रतिवद्धता पत्र

यस साईपाल गाउँपालिका वडा नं .....निवासी .....को नाती/नातिनी .....को छोरा छोरी म..... ले गाउँपालिकाबाट वितरण हुने प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको अवस्थामा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकेको स्थानमा कम्तिमा पाँच वर्ष स्वयम सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

औठाछाप	
दाँया	बाँया

नाम थरः

दस्तखतः

मितिः

रोहवरः छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिको परिवारको सदस्य

नाम थरः

दस्तखतः

मितिः